# राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक (मस्यौदा) - २०६४

नेपाल सरकार
राष्ट्रिय दलित आयोग
थापाथली, काठमाडौं ।

# राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बनेको विधेयक (मस्यौदा) - २०६४

**प्रस्तावना:** दलित समुदायको अधिकारको संरक्षण र संवर्द्धन गरी सामाजिक समानता तथा मर्यादा कायम गराउन तथा दलित समुदायको उत्थान र विकास गरी राष्ट्र निर्माणको मूल प्रवाहमा सहभागिता सुनिश्चित गर्न एक स्वतन्त्र तथा स्वायत्त राष्ट्रिय दलित अधिकार आयोगको स्थापना गर्न बाञ्छनीय भएकोले,

व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**
- १) यस ऐनको नाम राष्ट्रिय दलित अधिकार आयोग ऐन २०६४ रहेको छ ।
- २) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-
- क) “आयोग” भन्नाले दफा ३ बमोजिम गठन भएको राष्ट्रिय दलित अधिकार आयोग सम्झनु पर्दछ ।
- ख) “अध्यक्ष” भन्नाले आयोगको अध्यक्ष सम्झनु पर्दछ र सो शव्दले दफा २१ बमोजिम कार्य वाहक अध्यक्ष भई काम गर्ने सदस्य समेतलाई जनाउँदछ ।
- ग) “सदस्य” भन्नाले आयोगको सदस्य सम्झनु पर्दछ र सो शब्दले अध्यक्ष समेतलाई जनाउने छ ।
- घ) “सचिव” भन्नाले आयोगको सचिव सम्झनु पर्दछ ।
- ङ) “दलित समुदाय” भन्नाले परम्परागत रुपमा जातीय भेदभाव र छुवाछूतको मारमा परी आएका एवं सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, साँस्कृतिक, धार्मिक लगायत राष्ट्रिय जीवनका सम्पूर्ण क्षेत्रबाट पछाडि पारिएका एवं सामाजिक न्याय पाउन नसकेको अनुसूची १ मा उल्लेखित समुदायलाई जनाउनेछ ।
- च) “जातीय भेदभाव” भन्नाले कसैले कसैलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति, जन्म, वंश, पेशा, भाषा, क्षेत्र, समुदाय वा जातीय उत्पत्तिका आधारमा गरिने भेदभावपूर्ण व्यवहारलाई सम्झनुपर्दछ ।
- छ) “छुवाछूत” भन्नाले राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सार्वजनिक वा मानवीय जीवनका वा अन्य कुनै पनि क्षेत्रमा समानताको आधारमा मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरुको मान्यता, उपयोग वा व्यवहार, निषेध वा कमजोर गर्ने उद्देश्य भाव भएको जाति, वर्ण, वंश वा राष्ट्रिय वा जातीय उत्पत्तिमा आधारित कुनै पनि भेदभाव, बहिष्कार, अस्विकार, निश्कासन, नाकाबन्दी, अवहेलना, प्रतिबन्ध वा प्राथमिकतालाई सम्झनु पर्छ ।
- ज) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिएको बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## आयोगको स्थापना र गठन

३. **आयोगको स्थापना** (१) राष्ट्रिय दलित अधिकार आयोग नामको एक स्वतन्त्र तथा स्वायत्त आयोग स्थापना गरिएको छ ।

४. **आयोग स्वशासित संगठीत संस्था हुनेः** (१) आयोग एक अविछिन्न उत्तराधिकारवाला स्वशासित संस्था हुनेछ ।

(२) आयोगको काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(३) आयोगले व्यक्तिसरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेच विखन गर्न अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(४) आयोगले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर दिन र आयोग उपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ ।

५. **आयोगको गठनः** (१) आयोगको गठन देहाय वमोजिम हुनेछ ।

(क) नेपाल सरकारबाट नियुक्त एकजना व्यक्ति ........................... अध्यक्ष

(ख) नेपाल सरकारबाट नियुक्त कम्तीमा तीन जना महिला र मधेशी सहित छ जना व्यक्ति ................................ सदस्य

६. **अध्यक्ष र सदस्यहरुको योग्यताः** (१) आयोगको अध्यक्ष र सदस्यहरु पदमा नियुक्त हुन वा पदमा रहन देहाय बमोजिमको योग्यता भएको हुनु पर्नेछ :

क) नेपाली नागरिक,

ख) अध्यक्ष र सदस्यको ३० वर्ष उमेर पुरा गरेको,

ग) दलित समुदायको हक, हित र अधिकार प्राप्तिको अभियानमा निरन्तर क्रियाशिल रहेको वा राष्ट्रिय स्तरमा विशिष्ठ योगदान पुऱ्याएको,

घ) कुनै नैतिकपतन वा फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको ।

७. **अध्यक्ष र सदस्यहरुको नियुक्तिः**

१) नेपाल सरकारले संवैधानिक परिषद्को सिफारिसमा आयोगका अध्यक्ष र सदस्यहरुको नियुक्ति गर्नेछ ।

२) संवैधानिक परिषद्ले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ

३) संवैधानिक परिषद्को बैठक तथा अन्य व्यवस्थापन गर्ने जिम्मेवारी नेपाल सरकारका मुख्य सचिवको हुनेछ ।

८. **अध्यक्ष र सदस्यहरुको पदावधिः** आयोगका अध्यक्ष र सदस्यको पदावधि नियुक्ति भएको मितिले ५ (पाँच) वर्षको हुनेछ र निजहरुको एकपटकको लागि पुनः नियुक्त हुन सक्नेछ ।

९. **पद रिक्त हुने अवस्थाः** (१) देहायको अवस्थामा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) पदावधि समाप्त भएमा,

(ख) आफ्नो पदबाट राजिनामा दिएमा,

(ग) कार्यक्षमताको अभाव वा खराब आचरण भएको वा इमान्दारिपूर्वक आफ्नो पदीय कर्तव्यको पालना नगरेको वा आयोगको रकम हिनामिना गरेको आधारमा निजलाई पदमा राख्न उपयुक्त छैन भनी व्यवस्थापिका संसदको सम्बन्धित समितिले हटाउने भनी निर्णय गरेमा,

(घ) दफा ६ वमोजिमको योग्यता नरहेमा,

(ङ) सूचना नदिई लगातार तीन पटकसम्म आयोगको बैठकमा अनुपस्थित भएमा, वा

(च) मृत्यु भएमा

(२) उपदफा (१) को खण्ड (ग) र (ङ) वमोजिम आरोप लागेको अध्यक्ष वा सदस्यलाई आफ्नो सफाई पेश गर्न मनासिव माफिकको मौका प्रदान गरिनेछ ।

१०. **आयोगको बैठक र निर्णयः** (१) आयोगको बैठक कम्तिमा महिनाको एकपटक बस्नेछ ।

(२) आयोगको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) आयोगको अध्यक्ष सहित पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या गरेको मानिनेछ ।

(४) आयोगको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र अध्यक्ष अनुपस्थित रहेको अवस्थामा बैठकमा उपस्थित जेष्ठतम् सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) आयोगको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(६) आयोगले बैठकमा राष्ट्रिय मानव अधिकार आयोग र राष्ट्रिय महिला आयोग तथा आवश्यक ठानेका अन्य व्यक्ति वा संस्थाहरुलाई आमन्त्रण गर्न सक्नेछ ।

(७) आयोगको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ र त्यस्तो निर्णय आयोगका सबै सदस्यहरुलाई उपलब्ध गराउनेछ ।

(८) आयोगको बैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ

## परिच्छेद - ३
## आयोगको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था

११. **आयोगको काम कर्तव्य र अधिकारः** (१) आयोगको काम कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ

(क) दलित समुदायको उत्थान र विकासकालागि राष्ट्रिय नीति तथा कार्यक्रमहरुको तर्जुमा गरी कार्यान्वयनकोलागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ख) दलित समुदायको हक, हित एवं अधिकार निर्वाध उपभोग गर्न पाउने वातावरण सिर्जना गर्न विद्यमान कानूनी व्यवस्था र नेपाल सरकारको नीति नियमको समीक्षा र अनुगमन गरी समयानुकूल संशोधन, परिमार्जन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ग) दलित समुदायको उत्थान र विकासकालागि नेपाल सरकारले लागू गरेका योजना तथा कार्यक्रमहरु दलित समुदायमैत्री भए नभएको तथा तिनको प्रभावकारी कार्यान्वयन भए नभएको अनुगमन, मूल्यांकन गर्ने र दलितमैत्री बनाउन सम्बन्धित निकायमा सिफारिस गर्ने तथा अनिवार्य कार्यान्वयनका लागि पहल गर्ने,

(घ) दलित समुदायको उत्थान र विकासमा संलग्न सरकारी एवम् राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाको काम कार्वाहीको अनुगमन, मूल्यांकन र समन्वयन गर्ने,

(ङ) जातीय भेदभाव तथा छुवाछुतजन्य व्यवहार गम्भिर सामाजिक अपराध भएको हुँदा यसलाई उन्मूलन गर्न सामाजिक जागरणका कार्यक्रम बनाई सरकारी निकाय एवं दलित संघ संगठन मार्फत् कार्यान्वयन गर्ने, गराउने,

(च) दलित समुदायको हित र चासो रहेका विभिन्न विषयमा केन्द्रिय तथा स्थानीय स्तरमा विभिन्न गोष्ठी, छलफल, सेमिनार, भेला, सम्मेलन जस्ता

कार्यक्रमहरुको आयोजना गर्ने तथा  सञ्चार र प्रकाशनको माध्यमबाट जनचेतना अभिबृद्धि गर्ने,

(छ) नेपाल पक्ष भएका जातीय भेदभाव विरुद्धका तथा मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु बमोजिम सरकारले पूरा गर्नु पर्ने दायित्व पालना गरे नगरेको अनुगमन, मूल्यांकन गरी त्यसको प्रभावकारी कार्यान्वयनकोलागि रणनीति र कार्यानीति  योजना तर्जुमा गरी नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(ज) दलित समुदायको हक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता बमोजिम नेपालले पठाउनु पर्ने आवधिक तथा अन्य प्रतिवेदन समयमै पठाए नपठाएको अनुगमन गर्ने र सो सम्बन्धमा नेपाल सरकारलाई सल्लाह, सुझाव दिने,

(झ) जातीय भेदभाव तथा छुवाछुत विरुद्ध क्रियाशील व्यक्ति तथा विभिन्न संघ संस्थाहरु बीच समन्वय कायम गरी छुवाछुत विरुद्धको अभियान सञ्चालन गर्न प्रोत्साहन गर्ने,

(ज) दलित समुदायको समग्र विकास सम्बन्धी राष्ट्रिय नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने सम्बन्धमा नेपाल सरकार तथा सम्बन्धित निकायहरुलाई परामर्श प्रदान गर्ने,

(ञ) दलित समुदायको अधिकार उलङ्घनका सम्बन्धमा आयोग समक्ष पर्न आएका उजूरीहरुको जाँचबुझ गरी आवश्यक कारवाहीकोलागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ट) आयोगको बार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ठ) यस ऐनको उद्देश्य पुरा गर्न आवश्यक अन्य कार्य गर्नेछ ।

(ड) जातीय भेदभाव तथा छुवाछूत सम्बन्धी घटनाको अनुगमन, छानविन र कारवाहीको लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस गर्ने ।

(२) आयोगले आयोगसमक्ष पर्न आएका उजूरीहरुमा तोकिए बमोजिमको प्रकृया अनुसार जाँचबुझ गरी आवश्यक कारवाहीकोलागि सम्बन्धित निकायमा सिफारिस गर्नेछ ।

१२. <u>**प्रतिवेदन पेश गर्ने**</u> : (१) आयोगले प्रत्येक वर्ष आफूले गरेका काम कारवाहीको सम्बन्धमा प्रतिवेदन तयार गरी नेपाल सरकारसमक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगले वर्ष भरीमा सम्पन्न गरेका अध्ययन तथा अनुसन्धान, तर्जुमा गरिएका नीति तथा कार्यक्रम, दिइएका सिफारीस वा सुझाव, कानूनी सुधारका उपायहरु तथा यस्ता कामको लागि आयोगले गरेको खर्चको समेत उल्लेख हुनुपर्नेछ ।

(३) उपदफा (१) वमोजिमको प्रतिवेदन नेपाल सरकारले संसद समक्ष पेश गर्नुपर्नेछ ।

(४) आयोगले आफूले गरेको काम कारवाहीको विवरण सर्वसाधारणको जानकारीका लागि प्रत्येक वर्ष प्रकाशन गर्न सक्नेछ ।

१३. <u>**अध्यक्ष तथा सदस्यको काम, कर्तव्य र अधिकारः**</u> (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आयोगको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) आयोगले गरेका निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) आयोगका कर्मचारी प्रशासन वा आर्थिक प्रशासन वाहेकका काम कारवाहीहरुप्रति आयोगको प्रमुखको रुपमा जिम्मेवारी वहन गर्ने, र

(घ) आयोगले तोकेका अन्य कार्यहरु गर्ने ।

२. सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :

(क) आयोगको बैठकमा भाग लिने,
(ख) आयोगले सञ्चालन गर्ने कार्यक्रमहरुको कार्यान्वयनका लागि क्रियाशिल रहने, र
(ग) आयोग वा अध्यक्षले तोकेको अन्य कार्य गर्ने ।

## परिच्छेद - ४
## कोष तथा लेखापरीक्षण

१४. **कोष:** (१) आयोगको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।
(२) उपदफा (१) वमोजिमको कोषमा देहाय बमोजिमका रकम रहने छन् :-
(क) नेपाल सरकारबाट प्राप्त रकम ।
(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त सहयोग वा अनुदान ।
(ग) कुनै विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त रकम ।
(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

३) उपदफा (२) को खण्ड (ग) अन्तर्गतको रकम प्राप्त गर्नु अघि आयोगले नेपाल सरकारको स्वीकृती लिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम आयोगलाई प्राप्त हुने रकम नेपाल भित्रका कुनै वाणिज्य बैकमा खाता खोली जम्मा गर्नुपर्नेछ ।

(५) आयोगको नामबाट गरिने सम्पूर्ण खर्च उपदफा १ वमोजिमको कोषबाट व्यहोरिनेछ ।

(६) कोषको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

१५. **लेखा तथा लेखा परीक्षण:** (१) आयोगको आयव्ययको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) आयोगको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## परिच्छेद - ५
## विविध

१६. **आयोगको कार्यालय:** (१) आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ ।
(२) आयोगले नेपाल राज्यभित्र आफ्नो शाखा कार्यालय खोल्न सक्नेछ ।

१७. **सचिव:** (१) आयोगको दैनिक प्रशासन संचालनको लागि एक जना सचिव रहनेछ ।
(२) आयोगले तोकिए बमोजिम सचिवको नियुक्ति गर्न सक्नेछ ।
(३) सचिवले आयोगको निर्णय कार्यान्वयन गर्नेछ ।
(४) सचिवको अन्य काम, कर्तव्य र अधिकार तोकिए वमोजिम हुनेछ ।
(५) सचिवको पारिश्रमिक, सेवाका सर्त र सुविधा तेकिए बमोजिम हुनेछ ।

**१८. अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवा, शर्त र सुविधा**

१) अध्यक्ष तथा सदस्य आयोगमा पूर्णसेवाकालिन पदाधिकारी हुनेछन् ।
२) अध्यक्ष तथा सदस्य आयोगमा वहाल रहेको अवधिमा अन्यत्र काम गर्न सक्नेछैन ।
३) अध्यक्ष तथा सदस्यको पारिश्रमिक, सेवाका शर्त, र अन्य सुविधा क्रमशः संवैधानिक निकायका प्रमुख पदाधिकारी र पदाधिकारीको पारिश्रमिक, सेवाका सर्त र सुविधा सरह हुनेछ ।

१९. **आयोगका कर्मचारी:** (१) आफ्नो कार्यसम्पादनका लागि आवश्यक पर्ने कर्मचारी नेपाल सरकारको स्वीकृति लिई आयोगले तोकिए बमोजिम नियुक्ति गर्न सक्नेछ ।

तर आयोगले नेपाल सरकारको सहमति लिई आवश्यकता अनुसार विशेषज्ञ कर्मचारी करारमा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त हुने कर्मचारीको पारिश्रमिक, सेवाका सर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

२०. **अधिकार प्रत्यायोजनः** आयोगले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार अध्यक्ष, सदस्य, समिति, उपसमिति, वा आयोागका अधिकृत स्तरको कर्मचारी वा नेपाल सरकारको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२१. **कार्यवाहक हुनेः** कुनै कारणबस अध्यक्षको पद रिक्त भएमा अर्को अध्यक्ष नियुक्त नभएसम्मको लागि आयोगमा उपलब्ध जेष्ठतम् सदस्यले कार्यवाहक अध्यक्ष भै काम गर्नेछ ।

२२. **शपथः** आफ्नो कार्यभार सम्हाल्नु अघि अध्यक्षले प्रधानन्यायाधिश समक्ष र अन्य सदस्यले अध्यक्ष समक्ष तोकिए वमोजिम शपथ ग्रहण गर्नुपर्नेछ ।

२३. **नेपाल सरकारसंग सम्पर्कः** आयोगले नेपाल सरकारसंग सम्पर्क राख्दा नेपाल सरकारको मुख्य सचिव मार्फत राख्नु पर्नेछ ।

२४. **समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेः** (१) कुनै विशेष प्रयोजनको लागि आयोगले निश्चित कार्य र अवधि तोकी समिति, उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा १ वमोजिमको समिति, उपसमिति वा कार्यदलको काम वा कार्यक्षेत्रगत शर्तहरु आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

२५. **अनुसूचीमा हेरफेर गर्न सक्नेः** राष्ट्रिय दलित अधिकार आयोगको सिफारिसमा नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा उल्लिखत दलित समुदायमा हेरफेर गर्न सक्नेछ ।

२६. **आयोगलाई सहयोग गर्नु पर्नेः** आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा कुनै व्यक्ति, नेपाल सरकारका निकायहरु वा संस्थाको सहयोग माग गरेमा त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

२७. **असल नियतले गरेको कामको बचाउः** आयोगका सदस्य, कर्मचारी वा आयोगले खटाएको कुनै पनि व्यक्तिले यस ऐन वा यस अन्तरगत बनेका नियमहरु वमोजिम असल नियतले गरेको कुनै काम कारवाहीका सम्बन्धमा निजहरु उपर कुनै कानूनी कारवाही चलाइने छैन ।

२८. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आयोगले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

तर आयेगका अध्यक्ष, सदस्य, सचिव तथा कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त र सुविधा सम्बन्धी नियमहरु बनाउँदा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

२९. **खारेजी र वचाउः** (१) राष्ट्रिय दलित अधिकार आयोगको गठन र सञ्चालन सम्बन्धमा नेपाल सरकारका व्यवस्थालाई खारेज गरिएकोछ । यस भन्दा अघि भएका काम कारवाही यसै ऐन वमोजिम गरिएको मानिनेछ ।

## अनुसुची- १
## (दफा २ (ङ) संग सम्बन्धि)
## दलित समुदाय

१. **पहाडी मूलका दलित समुदायहरु -**
कामी (विश्वकर्मा),
दमाई,
सार्की,
गाइने (गन्धर्व),
वादी

२. **नेवारी मूलका दलित समुदायहरु -**
कपाली,
कुसुले,
पोडे,
च्यामे,
देउला,
खड्गी,
कसाही

३. **मधेशीमूलका दलित समुदायहरु -**
कलर
ककैहिया
कोरी
खटिक
खत्वे (मण्डल, खङ्ग)
चमार (राम, मोची, हरिजन, रविदास)
चिडिमार
डोम (मरिक)
तत्मा (ताँती, दास)
दुसाध (पासवान, हजरा)
धोवी (रजक) हिन्दू
पत्थरकट्टा
पासी
बाँतर
मुसहर
मेस्तर (हलखोर)
सरभङ्ग (सरवरिया)